ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

# तबलावादनको क्षेत्रमा लगानी एवम् प्रतिफलः नेपालको सन्दर्भमा

वेङ्कटेश ढकाल[1]*
[1]Lecturer (Tabala) at Lalitkala Campus, Tribhuvan University.
*Corresponding Author: wenkateshdhakal8@gmail.com

**Citation:** ढकाल, वेङ्कटेश (2023). तबलावादनको क्षेत्रमा लगानी एवम् प्रतिफल : नेपालको सन्दर्भमा. *Journal of Fine Arts Campus, 5*(1). 44-54. https://doi.org/10.3126/jfac.v5i1.60301

**लेखसार**

तबलावादनको सुरुवात १८ औं शताब्दीका उस्ताद सिद्धार (सुधार) खाँले भारतको दिल्लीमा गरेका थिए। उनले पखावजमा वादन गरिने बोल/वर्णहरूको आधारमा तबलावादन गरेको तथ्यमा धेरै विद्वानहरूको मतैक्यता रहेको छ। त्यस समयदेखि प्रचलनमा आएको तबला वर्तमान समयमा स्वतन्त्र एवम् सङ्गत गर्नका लागि प्रयोग हुने सर्वाधिक लोकप्रिय ताल वाजा हो। तबलावादन अन्तर्गत प्रमुखतः शास्त्रीय एवम् आधुनिक दुईवटा शैली रहेका छन्। शास्त्रीय शैलीको तबलावादन अन्तर्गत गायन, तन्त्र/स्वर वादन एवम् कत्थक नृत्यमा सङ्गतका रूपमा गरिन्छ भने स्वतन्त्रवादन पनि यस अन्तर्गत पर्दछ। आधुनिक अन्तर्गत समसामयिक रूपमा प्रचलनमा रहेका फ्युजन, रक, ब्लुज आदि सङ्गीत शैलीसँग गरिने वादन पर्दछ। उक्त दुवै शैलीमा सङ्गत गर्दा तबलावादकले अभ्यासका साथै विवेकको प्रयोग गर्नु पर्दछ। यसरी स्वतन्त्र तथा सङ्गीत शैलीहरूसँग उत्कृष्ट तबलावादनका लागि तालीम ग्रहण तथा अभ्यासमा समय लगानी हुन्छ। त्यस्तै उत्कृष्ट वादनका लागि वाद्ययन्त्र पनि गुणस्तरीय हुनुपर्दछ। गुणस्तरीय तबला खरिदका लागि उच्च आर्थिक लगानी गर्नुपर्दछ। यसरी उत्कृष्ट तबलावादनको पृष्ठभूमिमा आर्थिक, वौद्धिक तथा समयको लगानी एक आपसमा अन्तर्सम्बन्धित रहेका हुन्छन्। नेपालका विद्वानहरूद्वारा शास्त्रीय सङ्गीत विषयमा हालसम्म भएको अनुसन्धानद्वारा राणाहरूको समयदेखि विभिन्न दरवार, सङ्गीत अध्यापन एवम् कार्यक्रम हुने स्थानहरूमा स्वतन्त्र एवम् विभिन्न विधाहरूका साथमा तबलावादन हुने तथ्य रहेको छ। नेपालमा तबलावादनको पृष्ठभूमिमा हुने लगानी तथा त्यसबाट उपलब्ध हुने प्रतिफल बारेमा अध्येताले अनुसन्धानात्मक लेख प्राप्त नगरेको हुनाले एउटा प्रयास गरिएको हो। प्रस्तुत लेखबाट नेपालमा तबलावादनलाई पेशागत रूपमा अगाडी बनाउने चाहना भएका व्यक्तिहरूलाई यस विषयमा हुने लगानी र प्रतिफल बारेमा जानकारी हुनेछ। प्राथमिक, द्वितीयक, एवम् लेखक तबलावादक भएको हुनाले अनुभवको आधारमा गुणात्मक विधिमा लेख तयार गरिएको छ।

**शब्दकुञ्जी : तबलावादन, नेपाल, प्रतिफल, लगानी।**

## विषय प्रवेश

विश्वका प्राचीन राष्ट्रहरूमध्ये एक नेपालमा प्राचीनसमयदेखि नै विभिन्न वंशहरूको शासन रहेको छ। एकीकरणभन्दा पहिला गोपाल, महिषपाल, किरात, मल्ल, लिच्छवी वंशहरूको शाशन रहेको थियो, त्यसपछि शाह, राणा, प्रजातन्त्र, पञ्चायत व्यवस्था आदि हुँदै वर्तमान समयमा गणतन्त्रको रूपमा देशमा शासन व्यवस्था चलेको छ। विभिन्न वंशहरूद्वारा शासन भएको यस राष्ट्रमा सङ्गीत अपरिहार्य तत्वको रूपमा रहेको र तालवाद्यहरूको प्रयोग भएको सङ्गीत सम्बन्धी पुस्तकहरूमा उल्लेख रहेको छ। त्यसका साथमा प्राचीनकालमा निर्माण भएका पाटनमा रहेको कुम्भेश्वर, चण्डोलको टुँडाल देवी, गोकर्णको गोकर्णेश्वर महादेव मन्दिरहरूका टुडाल आदिमा विभिन्न तालवाद्यहरू वादन गरिरहेका प्रतिमा कुँदिएका भेटिनुले नेपालमा तालवाद्यहरूको प्रचलन रहेको पुष्टि हुन्छ। प्रचीनकालमा निर्माण भएको पशुपतिनाथको मन्दिर भित्र प्राङ्गणको उत्तर पट्टिको सत्तलमा हरेक दिन वादन हुने गुजराती बाजामा ताल वाद्यको प्रयोग हुने गरेको अध्येताले वाल्यकालमा देखेको थियो।

वर्तमान समयमा मन्दिर वरपर रहेका भजन खलमा पश्चिमा एवम् मन्दिरहरूमा नगाडा, डमरु, तबला आदिको वादन हरेक दिन हुने गरेको अध्येताले अनुभव गरेको छ। त्यसका साथै पशुपतिनाथको मन्दिर परिसरमा बाला चतुर्दशी, शिवरात्री, तीज आदिका अवसरमा मादल, खैजडी आदिको तालमा नृत्य गर्दै आनन्द मानेका भक्तजनहरू हरेक वर्ष देख्न


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

सकिन्छ । त्यसका अलावा पनि नेपालका विभिन्न स्थानहरूमा मनाइने जात्रा, पर्व, धार्मिक तथा सङ्गीत सम्बन्धी कार्यक्रमहरूमा धिमे, खिँ, कोचाखिँ, दमाहा, मादल, तबला, ढोल, ढोलक, खैजडी, च्याब्रुङ्ग आदि अवनद्ध वाद्यहरूको प्रयोग हुने गर्दछ। सङ्गीत अन्तर्गतका विभिन्न विधाहरूमा तालवाद्यको समुचित वादनबाट रञ्जकता र उल्हासको अभिवृद्धि हुने भएकाले मानव नृत्यगर्न उत्साहित हुन्छ (मराठे, सन् १९९१, पृ.१) ।

अवनद्ध वाद्यको वादनद्वारा शैक्षिक, सांस्कृतिक, सामाजिक कौशलताको अभिवृद्धि हुनेगर्दछ । त्यस्तै किशोर किशोरीहरूमा यसले सामुहिक रुपमा गरिने कार्यमा एकअर्काको सहयोग गर्नु पर्ने भावको जागृति गराउँछ । त्यसका अलावा मानवको पाचनक्रिया एवम् मस्तिस्कद्वारा प्रवाहित हुने सूचनाहरुको प्रक्रियामा सहयोग पुर्याउने गर्दछ । त्यस्तै शरीरमा रोग प्रतिरोधात्मक क्षमताको अभिवृद्धिका साथै मस्तिस्कमा रहेका गडबडी सहि हुनमा सहायता पुग्दछ । मस्तिस्कको दाँया एवम् बाँया भागमा सन्तुलन कायम गर्दछ (TEDx talks, 2015) । अध्येताको जानकारीमा रहेका इन्जिनियरिंग गरिरहेको एक छात्रले (सन् २०१६) मा तबला सिक्न थालेपछि आफ्नो अध्ययनमा सुधार हुँदै गएको उल्लेख गरेका थिए । उनका अनुसार तबलावादन गर्दा आफ्नो एकाग्र हुने क्षमतामा अभिवृद्धि भएको बताएका थिए ।

नेपालमा विभिन्न अवसरमा प्रयोग हुने गरेको भिन्न प्रकारका अवनद्ध वाद्यहरूको तालमा नृत्य गरेको देख्न सकिने हुनाले तालले मानवलाई नृत्यका लागि उत्साहित गराउने प्रमाणित हुन्छ। सामान्यतया विश्वका धेरै राष्ट्रहरूमा शोकको अवसरमा केवल स्वर वाद्यको मात्र वादन गरिन्छ । तर नेपालमा विभिन्न जनजातिमा शोकको अवसर जनाउनलागि समुदाय अनुसारका अवनद्ध वाद्ययन्त्रहरू रहेका छन् । नेपालका विभिन्न स्थानमा रहेका जातिगत समूह मध्ये तामाङ्गहरू ढ्याङ्ग्रो, जिरेलहरू डमरु, मैथिलहरू ढोल तथा बज्राचार्य /नेवार समुदायमा धाः वाद्यको प्रयोग गर्दछन् (Regmi, 2003, P.194–199) । यसका आधारमा अवनद्ध वाद्य वादनबाट उल्हास मात्र नभई दुःखद अवस्था बारे पनि जानकारी गर्न सकिन्छ भन्ने प्रमाणित हुन्छ।साथै यस तथ्यलाई नेपालमा अवनद्ध वाद्यको विशेषताका रूपमा ग्रहण गर्न सकिन्छ ।

नेपालमा प्राचीन समयदेखि नै शास्त्रीय सङ्गीत प्रचलनमा रहेको नाट्यशास्त्रमा उल्लेख रहेको छ । प्राचीनसमयदेखि नै शास्त्रीय सङ्गीतमा विभिन्न प्रकारका अवनद्ध वाद्ययन्त्रहरूको प्रयोग हुने नाट्यशास्त्र, सङ्गीत रत्नाकर ग्रन्थहरूमा उल्लेख रहेको छ। शास्त्रीय सङ्गीतमा हरेक क्रियाकलाप शास्त्रहरूमा वर्णन गरिएको नियममा रही प्रस्तुत गरिने गर्दछ (रावल, २०६३ पृ.२६३) । विद्वान्हरूद्वारा सङ्गीत अध्ययन अध्यापन एवम् प्रस्तुतीकरणका विषयमा अनिवार्य गरिएको नियमहरूको पालना गरि गायन, वादन एवम् नृत्यगर्ने शैली नै शास्त्रीय सङ्गीत हो। शास्त्रीय सङ्गीतका विभिन्न विधाहरू प्रशिक्षण कार्यका लागि मल्लहरूको शासनकालमा काठमाडौँ उपत्यकामा दरवारमा मैथिल ब्राम्हणहरू नियुक्त हुने गरेको तथ्य इतिहासमा छ (रेग्मी-३, २०७८) । प्राचीन समयदेखी नै सङ्गीतको केन्द्रका रूपमा रहेको काठमाडौँ उपत्यकामा शाशन गर्ने वंशका साथै नजिकमा रहेका अन्य समुदायको पनि प्रभाव थियो । जस्तै उपत्यकामा मैथिली भाषा र लिपि प्रयोग हुने सिम्रौनगढको सभ्यताले पनि प्रभाव पारेको थियो । मल्लहरूको समयमा उपत्यकाको साहित्य र सङ्गीतमा मैथिली भाषाको प्रयोग हुने गरेको तथ्य विभिन्न मठ मन्दिरहरूमा गाइने भजनमा मैथिली शब्दहरूको प्रयोगबाट हुने गर्दछ (दाहाल र पौडेल, २०७७, पृ.७-१०) । यस उल्लेखबाट मैथिली सङ्गीतमा प्रयोग गरिने तालवाद्यहरू पनि उपयोग हुने अनुमान लगाउन सकिन्छ।

एकीकरण पछी काठमाडौँ उपत्यकामा शाह एवम् राणाकालमा भारतीय पण्डित एवम् खाँ तबलावादकहरू तबलावादनको प्रस्तुतीकरणका लागि आउने गरेका थिए, तिमध्ये कतिपय नेपालमा स्थाई रूपमा बसोवास गरेका थिए। नेपालमा शास्त्रीय सङ्गीतका विभिन्न विधामा हालसम्म भएको अनुसन्धानद्वारा नेपालमा शाह एवम् राणाकालमा दरवारमा भारतबाट आएका विभिन्न विधाका कलाकारहरुद्वारा कार्यक्रम प्रस्तुत हुने (आचार्य, २०५६ पृ.१३२-१४६) उल्लेख रहेको छ । उनीहरूसँगै तालवाजा वादन गर्ने कलाकारहरू हुने अनुमान सहजै गर्न सकिन्छ । भारतबाट आएका शास्त्रीय सङ्गीतका कलाकारहरूद्वारा मृदङ्ग अथवा तबला नै वादन गरेको हुनुपर्दछ। किनभने शास्त्रीय सङ्गीतका विभिन्न विधामा सङ्गतका लागि प्रमुख रूपमा उक्त वाद्यहरूको प्रयोग हुने गर्दछ।

राणाकालमा भारतबाट आउने तबलावादकहरूलाई उपलब्ध गराइने पारिश्रमिक (Regmi-1, 2003, p.259-260) नेपाली कलाकारहरूको भन्दा अधिक रहेको थियो । वीर शमशेरको पालामा नेपालमा भारतबाट शास्त्रीय सङ्गीत कर्मीहरूसँगै आएका तबलावादकहरूद्वारा नेपालका विभिन्न दरवारमा तबलावादन गर्दथे। वीरशमशेरको दरबारलगायत


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

उनका भाइभारदारका दरबारमा भारतबाट आएका शास्त्रीय सङ्गीत कर्मीहरूका प्रस्तुतिमा तबलावादकहरूद्वारा रौनक बढाउने गरेको (रावल, २०६३ पृ. २६३) उल्लेख रहेको छ। सोहि समयमा नेपालका विभिन्न दरवारमा शास्त्रीय सङ्गीत अन्तर्गत विभिन्न विधाका कार्यक्रम प्रस्तुत गर्न आउने भारतीय कलाकारहरूसँगै तबला पनि नेपालमा आएको हो( Dunipace, 2010) । वीर शमशेरका पालामा बगेडिमा नेपाल तथा भारतका प्रसिद्ध कलाकारहरू सम्मिलित भएर एक महिनासम्म भएको शास्त्रीय सङ्गीतको जलसाबाट (पुरुषोत्तम शमशेर, २०४७, पृ.२७७) त्यस समयमा भएको आर्थिक लगानीको अनुमान गर्न सकिन्छ ।

शास्त्रीय सङ्गीतको स्वर्णकाल मानिएको राणाकालमा तबलावादन सम्बन्धी विभिन्न क्रियाकलापहरू हुने गरेका भएतापनि सर्वसाधारणले त्यसको रसास्वादन गर्न सकेका थिएनन्। राणाहरूको शाशनकालमा शास्त्रीय सङ्गीतको विकाश अत्यन्त उच्च रहेको भएतापनि राणाशासनको पतनसँगै नेपालमा शास्त्रीय सङ्गीतको अवस्था खस्किँदै आउन थालेको हो (सर्वहारी, २०७७) । राणाकालमा सर्वसाधारणका लागि तबला लगायत सङ्गीतको तालीम प्राप्त गर्नका लागि वर्तमान समयमा जस्तो सुलभ थिएन । त्यस समयमा दरवारको नजिक भएका व्यक्तिहरूको लागि मात्र तबला सिक्नका लागि सम्भव थियो (पोखरेल, सन् २०२१) । त्यस अवस्थाबाट पार हुँदै नेपालमा वर्तमान समयमा तबलावादन लगायत शास्त्रीय सङ्गीत अन्तर्गतका हरेक विधामा नेपाली कलाकारहरू कार्यरत रहेका छन् ।

नेपालमा तबलावादनको क्षेत्रमा भारतबाट पनि लगानी भएको छ। यसको ज्वलन्त उदाहरणका रूपमा भारतद्वारा नेपाली विद्यार्थीहरूलाई तबलावादनमा उच्चशिक्षा अध्ययनका लागि आई.सी.सी.आरका माध्यमबाट छात्रवृत्ति प्रदान(रेग्मी-१, सन् २००७, पृ २२) गरेबाट हुन्छ । अध्येताको जानकारीमा त्यस छात्रवृत्तिबाट लाभान्वित हुने नेपालका तबलावादकहरूमा डङ्कन दास चौधरी, नवीन श्रेष्ठ, समी आचार्य, कृष्ण कुमार खरेल, कृष्ण साक्वा, पवन गिरी, कुन्दन शाह, अनन्त प्रजापती र लेखक आदि रहेका छन् । नेपालमा तबलावादन सिक्ने विद्यार्थीहरूलाई सरकारीस्तरबाट यस किसिमको लगानी गर्ने प्रचलन रहेको छैन । नेपालको तबलावादनका क्षेत्रमा भारतद्वारा काठमाडौँमा स्थापना गरिएको आई.सी.सी.एवम् स्वामी विवेकानन्द कल्चरल फाउनण्डेशन संस्थाबाट हुने गर्दछ। जहाँ अत्यन्त कम शुल्कमा नेपालका विद्यार्थीहरूले तबलावादनको तालिम प्राप्त गरिरहेका छन् । तबलावादनको तालीम ग्रहण गर्नमा शुल्क कम गराएर भारतले योगदान पुर्याएको यो अर्को उदाहरण हो । उक्त संस्थामा भारतीय गुरुबाट तबलावादनको शिक्षा प्रदान गरिन्छ। नेपालका विद्यार्थीहरूले भारतीय तबलावादकहरूसँग तालिम ग्रहण गर्ने परम्परा पुरानो समयदेखि नै रहेको छ ।

शास्त्रीय सङ्गीतको स्वर्णकाल मानिएको राणाहरूको समयदेखि (Regmi, 2003, pp. 249) नै नेपालमा तबलावादनको प्रशिक्षण भारतीय तथा भारतका विभिन्न गुरुहरूबाट तबलावादनको तालिम ग्रहण गरेका नेपाली थिए । नेपालमा राणाहरूको समयदेखि वर्तमान समयसम्मका प्रख्यात तबलावादकहरू काली प्र.शर्मा, होमनाथ उपाध्याय, अच्युतराम भण्डारी, अतुल प्रसाद गौतम आदिले बनारसका नन्हु सहाय, रामजी मिश्र, छोटेलाल मिश्रसँग तबलावादनको तालिम ग्रहण गरेका हुन् । त्यसैगरी रामहरी गुरुङ्गले अमीर हुसेन खाँ, अहमद जान थिरकवा तथा सत्यनारायण चौधरीले अहमद जान थिरकवा आदिबाट तबलावादनको शिक्षा ग्रहण गरेका हुन् (भण्डारी, २०५८ पृ.२६९-२९९)। वर्तमान समयमा उल्लेख गरिएका नेपाली तबलावादकहरूका शिष्य प्रशिष्यद्वारा नै नेपालमा निजी, सरकारी, गैरसरकारी संस्थाहरूमा तबलावादनको शिक्षा प्रदान गरिन्छ। त्यस्तै भारतका प्रयाग सङ्गीत समिति, गन्दर्भ सङ्गीत महाविद्यालय लगायत विभिन्न विश्वविद्यालयहरूबाट तबला विषयमा उच्च शिक्षा ग्रहण गरेका व्यक्तिहरूबाट विभिन्न निजी सङ्गीत संस्थाहरु, विद्यालय तथा विश्वविद्यालय आदिमा अध्यापन हुने गरेको छ। त्यसका साथै तबला सम्बन्धी पुस्तकहरूको प्रकाशन प्रयाग सङ्गीत समिति, भारतबाट तबलावादनमा उच्च शिक्षा ग्रहण गरेका व्यक्तिहरूद्वारा भएको छ । यसरी नेपालमा राणाकालदेखि विभिन्न माध्यमबाट तबलावादनमा भएको लगानीको प्रतिफलका रूपमा वर्तमानसम्म तबलावादन, शिक्षण, निर्माण, पुस्तक प्रकाशन र प्राज्ञिक कार्य गरेका छन् भन्न सकिने अवस्था रहेको छ।

तबलावादनको तालिम परम्परागत एवम् संस्थागत दुई प्रकारबाट हुने गर्दछ । नेपालमा सर्वसाधारणलाई संस्थागत रूपमा सङ्गीतको शिक्षा प्रदान गर्ने प्रचलन राजा महेन्द्रका पालाबाट सुरुवात भएको थियो (Pokharel, 2016 p.70) । नेपालमा पुरानो समयदेखि हालसम्म तबलावादनको प्रशिक्षण गैरसरकारीस्तरबाट सञ्चालित संस्थाहरूबाट पनि भएको छ । यस प्रकारका संस्थाहरूमा प्रयाग सङ्गीत समिति अन्तर्गतको पाठ्यक्रमका आधारमा तबलावादनको तालिम प्रदान गरिन्छ। संस्थाद्वारा निश्चित पाठ्यक्रमका आधारमा प्रशिक्षण र परिक्षा हुने कारणले यसलाई संस्थागत शिक्षण


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

पद्धती अन्तर्गत राखिनु पर्दछ। संस्थागत रूपमा प्रदान गरिने शिक्षण पद्धतिबाट तबलावादन विषयमा सामान्य ज्ञान हुने गर्दछ । संस्थागत शिक्षण प्रणालीबाट तालिम ग्रहण गरेका विद्यार्थीहरू कलाकार बन्ने सम्भावना अत्यन्त न्युन हुने भएतापनि श्रोताहरू भने पर्याप्त उत्पादन हुने गर्दछन् (श्रेष्ठ, २०६६, पृ.१५-२८, मराठे, सन् १९९१ पृ.५ र Parikh, 2023)। परम्परागत रूपमा प्रदान गरिने प्रशिक्षण पद्धतिमा गुरूले चुनेका व्यक्तिहरूलाई कुनै परहेज बिना तबलावादनको शिक्षा प्रदान गरिन्छ र उसलाई कलाकार बनाउने सम्पूर्ण अभिभारा गुरुको हुने गर्दछ (मराठे, सन् १९९१ पृ.५) । संस्थाहरूमा प्रदान गरिने प्रशिक्षण पद्दतिमा शास्त्रीय पद्धति अनुसार अध्यापन हुने गर्दछ । शास्त्रीय शैलीमा हुने तबलावादनमा आनन्दको अनुभव विधिवत् शास्त्रीय शैलीबाट शिक्षा प्राप्त गरेका व्यक्तिहरू तबलावादनको प्रशिक्षण प्राप्त नगरेका व्यक्तिहरूभन्दा अधिक समर्थ हुन्छन (उपाध्याय, २०५८, पृ.१३७)।

नेपालमा सरकारद्वारा मान्यता प्राप्त पाठ्यक्रम अनुसार विभिन्न सङ्गीत संस्थाहरूमा माध्यामिक, १०+२, स्नातक एवम् स्नातकोत्तर तहसम्म तबलावादन विषय अध्यापन गरिन्छ । काठमाडौँमा माध्यामिक तहमा तबलावादन विषय अध्यापन हुने एक मात्र संस्था नेपाल सङ्गीत विद्यालय हो । १०+२ तथा स्नातक तहसम्म अध्यापन हुने संस्था अन्तर्गत शृजना कलेज अफ फाइन आर्ट्स एवम् ललितकला क्याम्पस रहेका छन् । स्नातकोत्तर तहको अध्यापन तथा ललितकला केन्द्रीय विभागमा हुने गर्दछ । स्नातक तहसम्म अध्यापन हुने सरकारीस्तरबाट सञ्चालन भएका ललितकला क्याम्पस तथा शृजना कलेज अफ फाइन आर्ट्स संस्थाहरूमा केवल तबलावादन मात्र नभई अन्य विषय पनि अध्ययन गर्ने मौका उपलब्ध रहेको छ । गैरसरकारीस्तरबाट सञ्चालन भएका संस्थाहरूमा केवल तबलावादनको मात्र शिक्षा प्रदान गरिन्छ । विश्व प्रसिद्ध भारतीय तबलावादक उस्ताद जाकिर हुसेन, पण्डित अनिन्दो चटर्जी आदिद्वारा तबलावादनका लागि गरिएको समयको लगानीको तुलनामा नेपालमा निकै कम लगानीको रहेको छ भन्न सकिन्छ (Talks at google, 2016)। लेखमा तबलावादनमा लगानी भन्नाले तबलाको तालीम ग्रहण गर्न सुरुवात देखि तबलावादनवाट वादकले रोजगारी प्राप्त नगरेको समय सम्मलाई गणना गरिएको छ । प्रतिफल भन्नाले तबलावादन गर्ने कलाकारले प्राप्त गरेका पुरष्कार, रोजगारी, पुस्तक प्रकाशन, विभिन्न आयाममा भएको अनुसन्धान र रचनात्मक कार्यलाई बुझ्नु पर्दछ।

**लगानी**

ने.रा.प्र.प्र.बाट प्रकाशित नेपाली बृहद् शब्दकोश दशौँ संस्करण २०७७ का अनुसार लगानी भन्नाले कुनै उत्पादनका निम्ति पहिले गरिएको खर्च भन्ने जनाउँछ। तबलावादनमा प्रत्यक्ष र अप्रत्यक्ष गरि दुई प्रकारका लगानी हुने गर्दछ । प्रत्यक्ष अन्तर्गत अर्थ र अभ्यासमा लाग्ने समय हो भने वादन एवम् रचनात्मक कार्यमा क्रममा उपयोग गरिने विवेक अप्रत्यक्ष अन्तर्गत आउने गर्दछ। तबला खरिद गर्न र सरकारी एवम् गैर सरकारी दुवै संस्थाहरूमा तबलावादनको तालिम ग्रहण गर्नका लागि संस्थामा आर्थिक लगानी गरिन्छ।

बनारसमा निर्मित एकजोडी सामान्य गुणस्तरको तबला काठमाडौँमा अनलाइन माध्यमबाट खरिद गर्दा १२,५०० पर्दछ (Nepal music gallery, 2018) । दिल्लीका कासिम खाँद्वारा निर्मित उच्च गुणस्तरको एउटा दाँयाको मूल्य ३२,००० भारतीय रुपैयाँ पर्दछ । गुणस्तर अनुसार पनि फरक मूल्य पर्ने तबला, सिकाउने गुरुहरूसँग पनि खरिद गर्न सकिन्छ । नेपालमा व्यावसायिक रूपमा वादन गरिने अधिकांश तबला भारतको बनारस लगायत विभिन्न स्थानबाट आयात हुने गर्दछ । खरिद पछी उमेर र रुची अनुसार तबलाको तालीमका लागि निजि, गैर सरकारी एवम् सरकारी संस्थाहरू रहेका छन्। अधिकाँस बालबालिका एवम् प्रौढहरू सुरुवातमा निजि तथा गैर सरकारी स्तरबाट सञ्चालित सङ्गीत संस्थाबाट तालिम लिने प्रचलन रहेको छ। जसमा प्रयाग सङ्गीत समितिको पाठ्यक्रम अनुसार पठनपाठन एवम् विभिन्न तहको परिक्षा हुन्छन् । तबलावादनको तालिम उपलब्ध गराउने उक्त संस्थाहरूमा तालिम ग्रहण बापत बुझाउनुपर्ने शुल्क प्रत्यक्ष लगानी हो ।

हाई स्कूल तहमा सङ्गीत मुख्य विषयको रूपमा पढाउने नेपालको एकमात्र नेपाल सङ्गीत विद्यालय, काठमाडौं, पिङ्गलास्थानमा पनि तबला अध्ययन गर्न सकिन्छ (Onlinekhabr, 2022) । त्यस पछि दश जोड दुई तहमा तबला अध्ययन गर्नका लागि सृजना कलेज अफ फाइन आर्ट्स, उत्तर ढोका, काठमाडौं रहेको छ (Dhakal, 2021) । तबला विषय लिएर दश जोड दुई तहको प्रमाण पत्र हासिल गर्नका लागी २ शैक्षिक वर्षको समय लगानी गर्नुपर्दछ । तबला विषयमा नै आफ्नो भविष्य निर्माण गर्ने इच्छा भएका विद्यार्थीहरू त्रिभुवन विश्वविद्यालय अन्तर्गतका विभिन्न क्याम्पसहरूमा स्नातक तहबाट अध्ययन गर्न सक्दछन्। त्यस्ता क्याम्पसहरूमा तबला विषयमा त्रिभुवन विश्वविद्यालयको


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

पाठ्यक्रम अनुसार पठनपाठन हुने गर्दछ। स्नातक तहमा न्यून शुल्कमा तबला मेजर विषयको रूपमा अध्ययन गर्नका लागि त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललितकला क्याम्पस भोटाहिटी रहेको छ। उक्त क्याम्पसमा भर्ना हुनका लागि कुनैपनि विषयमा १०+२ उत्तीर्ण भएको प्रमाणपत्र पेश गर्नुपर्दछ। त्यसपछी ललितकला केन्द्रीय विभाग कीर्तिपुरमा स्नातकोत्तर एवम् विद्यावारिधिसम्मको अध्यापन हुने गर्दछ। त्रिभुवन विश्वविद्यालयमा स्नातक एवम् स्नाताकोत्तर तहमा ४ शैक्षिक वर्ष एवम् ४ सेमेस्टर समयको लगानी हुने गर्दछ। स्नातकोत्तर तहको प्रमाण पत्र हासिल गर्नाका लागि लघु अनुसन्धान बुझाउनु पर्दछ। लघु अनुसन्धान तयार गर्नका लागि समय र अर्थ दुवै लगानी हुने गर्दछ।

रमेश पोखरेल २०७९ का अनुसार दर्शनाचार्य/विद्यावारिधिको शैक्षिक कार्यक्रम ४ वर्षको भएतापनि अनुसन्धातालाई विद्यावारिधिको प्रमाणपत्र हासिल गर्नका लागि तोकिएकोभन्दा बढी समय लाग्ने गर्दछ। २०७९ मा कृष्णहरि बरालद्वारा एम. फिल/ विद्यावारिधी, दोश्रो सेमिस्टर अध्यापनका समयमा गरेको उल्लेख अनुसार उनलाई त्रि.वि.वि.बाट विद्यावारिधी सम्पन्न गर्नका लागि ७ वर्षको समय लागेकोबाट तोकिएको भन्दा अधिक समयको लगानी हुने पुष्टि हुन्छ। अध्येता हाल ललितकला केन्द्रीय विभाग अन्तर्गत एम. फिल. तहमा अध्ययन गरिरहेको हुनाले उक्त तथ्य उल्लेख गरेको हो। उल्लेख गरिएका सबै संस्थामा अध्ययन गर्नका लागि संस्थाद्वारा विभिन्न शिर्षकमा तोकिएको शुल्क बुझाउनु पर्दछ। सरकारी एवम् गैरसरकारी संस्थाहरूमा हरेक तहमा अध्ययन गर्दा संस्थाले तोकेको शुल्क प्रत्यक्ष लगानीको अर्को उदाहरण हो।

गैर सरकारीस्तरबाट सञ्चालित सङ्गीत संस्थाहरूमा तबला सिक्नका लागि उमेरको हदवन्दी रहेको छैन। अध्येता किराँतेश्वर सङ्गीत आश्रमद्वारा आयोजित २५ औं बाल शास्त्रीय सङ्गीत प्रतियोगिता (२०७४/माघ/६)मा निर्णायकको भूमिकामा रहेको अवस्थामा प्रतियोगीहरूको अवलोकनको आधारमा सिक्न आउने विद्यार्थीको अवस्था शिक्षकले भनेको कुरा बुझ्नसक्ने भए पुग्ने भन्ने अनुभव गरेको छ। स्वतन्त्र रूपमा सञ्चालित तबला सिकाउने संस्थाहरूमा हप्तामा १ देखि ३ दिनसम्म सिकाउने गरिन्छ। जहाँ प्रयाग सङ्गीत समितिको पाठ्यक्रम अनुसार अध्यापन हुने गर्दछ। त्यस संस्थाबाट हासिल गरिएको प्रमाण पत्र नेपालका सरकारी संस्थाहरूले मान्यता नदिने भएपछी विकल्पमा सङ्गीतको पाठ्यक्रम निर्माण भएको छ। सङ्गीत अन्तर्गतका गायन, वादन एवम् नृत्यविधामा प्रमाणपत्र देखि स्नातकोत्तर तह समेटिएको प्रस्तावित सङ्गीत शिक्षा पाठ्यक्रम नामाकरण गरिएको पाठ्यक्रम विश्व सङ्गीत दिवसका २०७८ को अवसरमा रसियन कल्चरल सेन्टरमा विमोचन गरिएको थियो। नेपालका विभिन्न सरकारी एवम् गैर सरकारीस्तरमा सञ्चालन भएका संस्थाहरूमा सङ्गीत शिक्षणमा लामो अनुभव भएका शास्त्रीय सङ्गीतका ११ जना विद्वानहरूद्वारा यसलाई तयार पारिएको हो। नेपालमा सङ्गीत विषयमा अनुसन्धानको कमीलाई पुरा गर्नका लागि अनुसन्धानलाई पनि यसमा समावेश गरिएको छ। नेपालमा गैर सरकारी एवम् सरकारीस्तरबाट तबलावादनका लागि भएको लगानीको हो।

आई.सी.सी.आर.को मातहतमा रहेर भारतद्वारा शास्त्रीय सङ्गीत सिकाउनका लागि हालसम्म संसारका विभिन्न राष्ट्रहरूमा ३८ वटा (ICC)को स्थापना गरेको छ (iccr.gov.in/indian-cultural-center-map-list-view)। त्यसै संस्था अन्तर्गतका Indain Cultural Centre (ICC) एवम् Swami Vivekananda Cultural Centre (SVCC) Embassy of India, Kathmandu नामक २ वटा शाखाहरू काठमाडौंमा पनि रहेका छन्। ICC मा तबला मात्र नभएर शास्त्रीय अन्तर्गत खयाल गायन, योग एवम् भरत नाट्यम् पनि सिकाउने गरिन्छ। विद्यार्थीको क्षमता अनुरूप सिकाउने यस संस्थाका लागि तबला सिकाउने निश्चित पाठ्यक्रम रहेको छैन। त्यस संस्थामार्फत नेपालमा आउने तबला गुरूहरूद्वारा पारम्परिक रूपमा नै सिकाउने अनुभव अध्येताले गरेको छ। तबला सिक्न सुरुवात गर्ने सोचमा रहेका बालबालिकाका अभिभावकहरूले तबला सिकाउने व्यक्ति सिकाउन योग्य छ कि छैन भन्ने निर्क्यौल गरेर मात्र सिकाउन सुरुवात गराउनु पर्दछ। योग्य गुरूमा पर्याप्त ज्ञानका साथै रचनाहरूको भण्डार हुने गर्दछ। त्यसका साथै वादन गरिने रचनाको भूत, वर्तमान एवम् भविष्यमा वादन गरिने शैलीको पनि अभ्यास गराउन सक्ने क्षमता भएको व्यक्ति आदर्श गुरू हुन्छ (khan, 2012)। तबलावादनमा हुने लगानीको सर्वाधिक महत्वका बारेमा माथिको प्रसङ्गद्वारा पुष्टि हुन्छ।

अध्येता सन् २०१० देखि २०१५ सम्म भारतको लखनऊ केशरबाग स्थित भातखण्डे अभिमत विश्वविद्यालमा तबला विषयमा स्नातक एवम् स्नातकोत्तर गर्दै रहेको अवस्थामा रसिया, श्रीलंका, नागरिकहरूलाई तबलावादन सिक्नका लागि आइ.सी.सी.आर.बाट छात्रवृत्ति प्राप्त गरेको देखेको छ। त्यसका अलावा सङ्गीत अन्तर्गत विद्यावारिधी तहमा पनि आइ.सी.सी.आर.को तर्फबाट छात्रवृत्ति प्राप्त गरेका नेपाली नागरिकहरू हालमा पनि भारतका विभिन्न स्थानमा रहेका


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

विश्वविद्यालयमा अध्ययन गरिरहेका छन् । नेपालमा यस प्रकारको व्यवस्था नरहेका कारण त्रिभुवन विश्वविद्यालबाट विद्यावारिधी गर्नका लागि निकै रकम खर्च गर्नुपर्दछ ।

तबलावादन सिक्न एवम् सङ्गीत अन्तर्गतका विभिन्न विधाहरूमा उपयुक्त किसिमबाट वादन गर्नका लागि समयको लगानी गर्नुपर्दछ। केवल संस्थामा सिकेको आधारमामात्र उत्कृष्ट तबलावादक बन्ने सम्भावना कम हुन्छ। राम्रो तबलावादक हुनका लागि कमसे कम ४ घण्टा नियमित अभ्यासको आवश्यकता पर्ने गर्दछ (वशिष्ठ, २००९ पृ.३०) । दिनमा ४ घण्टा राम्रोसँग अभ्यास गर्नका लागि शरीरलाई पर्याप्त उर्जा अत्यावश्यक हुने गर्दछ । त्यसका लागि तबलावादकलाई खानपानको लागि पैसा लगानीको आवश्यकता पर्दछ। तबला केवल स्वतन्त्र वादनको लागि मात्र नभई सङ्गतको पनि उपयुक्त वाद्ययन्त्र हो । उपयुक्त किसिमबाट सङ्गत गर्नका लागि अरु विधाका विभिन्न कलाकारहरूसँग समय छुट्याइएर वादनको अभ्यास हुन जरुरी छ (वशिष्ठ र मराठे, सन् १९९१ पृ.५८ २००९ पृ.३३) । यस कार्यका लागि समयको साथै यातयातमा अर्थको लगानी हुन्छ। तबलावादनको अर्को आयाम रेकर्डिङ्ग स्टुडियोमा विभिन्न शैलीका गीत आदि रचनामा वादन रहेको छ । केवल शास्त्रीय शैलीमा तबलावादनको तालिम ग्रहण गरेर सङ्गीत अन्तर्गतका सबै विधामा उपयुक्त किसिमबाट तबलावादन गर्न सकिने सम्भावना हुँदैन । सङ्गीत अन्तर्गतका विभिन्न विधा तथा शैलीहरूमा उपयुक्त प्रकारबाट तबलावादनको लागि विभिन्न विधाहरूमा गरिने वादन शैलीमा अभ्यस्त हुनका लागि समयका साथै आर्थिक लगानी गर्नु पर्दछ (Shakoori, 2022) । यस छलफलबाट तबलावादक बन्नका लागि आवश्यक तत्वहरूमा हुने लगानी बारेमा जानकारी प्राप्त गर्न सकिन्छ ।

वर्तमानमा काठमाडौँमा नेपाली गुरुहरूद्वारा तबला सिकाउने व्यवस्था धेरै स्थानमा रहेको छ । त्यति हुँदाहुँदै पनि नेपाली गुरुहरू छोडेर भारतीय संस्था एवम् गुरुहरूसँग तबला सिक्ने विद्यार्थीहरू रहेका छन् । विद्यार्थीहरू भारतीय संस्था एवम् गुरूहरूसँग तबलावादन सिक्न जाने गरेको प्रक्रियाबाट तबला सिकाउने केहि नेपाली गुरूहरू असन्तुष्ट भएको अनुभव अध्येताले गरेको छ । नेपाली गुरूहरू असन्तुष्ट हुनुको प्रमुख कारण मध्येको पहिलो कारणमा नेपाली गुरुहरूद्वारा सुरुवाती शिक्षा प्राप्त गरेका विद्यार्थीहरू भारतीय गुरूसँग सिकेपछि आफ्नो नाम नै बिर्सिने रहेको छ। नेपाली विद्यार्थीहरू किन भारतीय गुरूसँग तबलावादन सिक्न जान्छन् ? अनुसन्धानको क्रममा गुरूको भारतीय ब्राण्ड पहिलो कारणका रूपमा देखा परेको छ। त्यस पछीका कारणहरूमा परिस्थिति एवम् लगानी गरिने अर्थ रहेको छ। त्यस संस्थामा तबलावादन सिक्दै गरेका विद्यार्थीहरूले अनुकूल समयमा सिक्न सकिने व्यवस्था साथै न्यूनतम शुल्कमा तबलावादन सिक्न पाउने हुनाले पनि आई.सी.सी.मा जाने बताए ।

त्यस्तै अन्य कारणहरूमा आफुलाई तबला सिकाएका गुरुको अचानक शरीर छुट्नु एवम् नजिक रहेका गुरुहरू पनि अस्वस्थताका कारण सिकाउने अवस्थामा नरहेको हुनाले आई.सी.सी.मा जानु परेको वाध्यात्मक अवस्था रहेको छ (पौडेल, परशुराम, व्यक्तिगत सञ्चार २२/कार्तिक/२०७९) । त्यस संस्थामा तबला सिकेका केहि विद्यार्थीहरूको वादनलाई हेर्दा वादनमा शुद्धताको कमिका साथै शास्त्र पक्षमा कमजोरी रहेको अनुभव अध्येता लगायत त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललितकला क्याम्पस र केन्द्रीय विभागमा तबला अध्यापन गराउने शिक्षकहरूको छ (प्रजापति, अनन्त, व्यक्तिगत सञ्चार, १७/कार्तिक/२०७९) । त्यस संस्थामा तबला सिकेका अधिकाँस विद्यार्थीहरू ललितकलामा स्नातक तहमा अध्ययनरत रहेका तथा उनीहरूले परिक्षामा गरेको प्रदर्शनको आधारमा उपरोक्त नतिजा प्राप्त भएको हो । त्यसको कारणको बारेमा अनुसन्धान गर्ने क्रममा त्यस संस्थामा केवल क्रियात्मक पक्षमा मात्र ध्यान दिइने कारणले उनीहरू शास्त्र पक्षमा कम्जोर भएका हुन् । विषयमा उत्कृष्ट ज्ञान हासिल गर्न विद्यार्थी स्वतन्त्र रहने गर्दछ। तर उत्कृष्ट ज्ञान हासिल गर्नका लागि पृष्ठभूमिमा मेहनत गर्ने गुरुहरूलाई बिर्सिने क्रिया कदापि स्वागत योग्य होइन ।

वादन गर्ने क्रममा विभिन्न कारणद्वारा तबला बिग्रिने सम्भावना रहिरहन्छ । तबला सिक्ने विद्यार्थीको हातमा सामान्यभन्दा अधिक पसिना आउँछ भने त्यस्तो अवस्थामा सर्वप्रथम खरी बिग्रिने गर्दछ । त्यसको मर्मत समय समयमा गर्नुपर्ने हुन्छ। काठमाडौँका तबला निर्माण कर्ताहरूसँग एक पटक खरी फेरेको ५००-१००० रुपैंयाँ पर्दछ। मर्मत गर्नुपर्ने अर्को महत्वपूर्ण भाग तबलाको काठ/धातुको ढाँचाको माथि रहेको पुडी पर्दछ । काठमाडौँमा नाम चलेका मर्मतकर्ताहरूसँग एक पटक पुड़ी फेरेको १,८०० देखि २,५०० पर्ने गर्दछ । त्यसका साथै पुडी कस्ने तानलाई १००० पर्दछ । दाहिना तबला एवम् बाँयामा प्रयोग हुने गट्टाको गुणस्तर अनुसारको मूल्य चुकाउनु पर्दछ । वादनका समयमा


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

तबला राख्ने बिडा र छोप्नका लागि प्रयोग हुने कभर पनि गुणस्तर अनुसार मूल्यका हुने गर्दछन् । तबलाको मर्मत र सुरक्षाका लागि हुने खर्च लगानीको प्रत्यक्ष उदाहरण हो ।

**प्रतिफल**

ने.रा.प्र.प्र. बाट प्रकाशित नेपाली बृहद् शब्द कोष दशौँ संस्करण २०७७ का अनुसार प्रतिफलको अर्थ दुई वा दुईभन्दा बढी बलको सम्मिश्रणबाट निस्केको परिणाम भन्ने हुन्छ । तबलावादन सिक्ने क्रममा धन, समय, मेहनत एवम् लगनशीलताको यथेष्ट रूपमा समावेश हुने गर्दछ । समय, अर्थ तथा वौद्धिकताको लगानी पश्चात् ग्रहण गरेको शिक्षाको सदुपयोग गरि मान सम्मान तथा अर्थ उपार्जन गरेर सभ्यसँग जीवन बिताउन सकिने अवस्था एउटा तबलावादकले प्राप्तगर्ने प्रतिफल हो । सामान्यतया प्रतिफललाई स्थाई एवम् अस्थाई दुई प्रकारबाट विभाजन गर्न सकिन्छ । निश्चित नियममा रहेर गरिने कार्य बापत हरेक महिना प्राप्त हुने पारिश्रमिक स्थाई हो । यो अर्थ उपार्जनको एउटा भरपर्दो माध्यमको हो ।

नेपालको परिप्रेक्षमा स्थाई रूपमा प्रतिफल प्राप्त हुने स्थानहरू सिमित रहेका छन् । जस्तै रेडियो नेपाल, राष्ट्रीय नाचघर, त्रि.वि.वि. अन्तर्गतका ललितकला केन्द्रीय विभाग, ललितकला, रत्नराज्य, पद्म कन्या क्याम्पस आदि । त्यसैगरि शृजना कलेज अफ फाइन आर्ट्समा पनि तबला अध्यापन हुन्छ । सरकारी संस्थानहरूमा स्थाई रूपमा अर्थ उपार्जनका लागि तबला विषयमा मागिएको आवेदन अनुसार उत्तीर्ण हुनुपर्दछ । सरकारी संस्थाहरूमा तबलावादक माग गर्दै अत्यन्त न्युन रूपमा आवेदन मागिनु यसमा रहेको समस्या हो । भारतीय बोर्डद्वारा संचालनमा रहेका स्कूलहरूमा पनि तबला सिकाउने गरिन्छ । उदाहरणका रूपमा मोर्डन इन्डियन स्कूल, चोभारलाई लिन सकिन्छ । नेपालमा तबला विषयमा गरिएको समय, अर्थ आदिको लगानी अनुसार प्रतिफल के कस्तो छ ? राम्रो प्रतिफल प्राप्त भएको छ की छैन ? यस बारेमा छलफल र नतिजा अगाडी रहेको छ।

स्वतन्त्र रूपमा विभिन्न हुने कार्यक्रम तथा विभिन्न संस्थाहरूमा तबलावादन सम्बन्धी विभिन्न क्रियाकलापद्वारा अर्थाजनको माध्यम नै अस्थाई हो । यसका विभिन्न माध्यमहरूमध्ये धार्मिक कार्यक्रममा वादन सबैभन्दा सहज मान्न सकिन्छ । विभिन्न धार्मिक कार्यक्रम, भजन कीर्तन, सप्ताह लगायतका कार्यक्रममा वादन गर्दा सहजै रूपमा अर्थको उपार्जन हुने गर्दछ (ढकाल, सन् २०२२) । तर यस प्रकारका कार्यक्रम नियमित हुँदैनन् । त्यसका साथै विभिन्न होटल, रेस्टुरेन्ट आदिमा वादन गरेर पनि अर्थ उपार्जन गर्न सकिन्छ । विभिन्न विश्वविद्यालयसँग सम्बन्धन प्राप्त क्याम्पसहरूमा आंशिकरूपमा प्राध्यापन पनि अस्थाई रूपमा अर्थ उपार्जन हुने माध्यम हो । उक्त दुवै स्थानहरूमा गरिने तबलावादकहरूलाई उपस्थित भएको दिनको मात्र पारिश्रमिक प्राप्त हुने कारणले अस्थाई कै वर्गमा पर्दछ ।

अर्थ उपार्जन हुने अर्को माध्यम रेकर्डिङ स्टुडियोमा वादन पनि हो । यसमा वादन गर्नका लागी हरेक शैलीमा उपयुक्तसँग वादन गर्नसक्ने क्षमताको विकाशमा समयको लगानी महत्वपूर्ण हुन्छ । सप्ताह तथा धार्मिक कार्यक्रमको तुलनामा स्टुडियोमा वादनकार्य निरन्तर हुने हुनाले अर्थ उपार्जन गर्न निरन्तर रूपमा हुने गर्दछ । त्यसकालागि केवल तबलावादनमा मात्र पोख्त भएर पुग्दैन । व्यावसायिक रुपमा रेकर्डिङ्ग स्टुडियोमा वादन गर्न इच्छा हुने तबलावादकले मादल, ढोलक, तादल, डफ पनि वादन गर्नसक्ने हुनुपर्दछ (ढकाल-१, सन् २०२२) । सङ्गीत शिक्षण गराउने संस्था खोलेर तबला सिक्न इच्छा गर्नेहरूलाई सिकाएर अर्थ उपार्जन गर्न सकिन्छ । सिकेको कलाको विभिन्न माध्यमबाट प्रस्तुती पनि अर्को आयाम हो । विभिन्न स्थानमा नियमित रूपमा हुने शास्त्रीय सङ्गीतको प्रस्तुती आफ्नो कला प्रदर्शन पनि अर्थ उपार्जनको अर्को माध्यम हो । नेपालमा केवल शास्त्रीय सङ्गीत सम्बन्धी कार्यक्रमबाट सहज रूपमा जीवन यापन निकै कठिन रहेको अध्येताको अनुभव रहेको छ ।

अर्थ उपार्जन हुनसक्ने अर्को माध्यम विभिन्न स्कुलमा तबला शिक्षण हो । सङ्गीतलाई अतिरिक्त क्रियाकलापका रूपमा विद्यालयमा अपनाएका प्रसिद्ध स्कुलहरूमा आंशिक रूपमा तबलाको शिक्षणद्वारा आफूले सिकेको कलाससाना भाइ बहिनीहरूलाई सिकाउनु पनि एउटा आयाम हो । भारतीय बोर्डका धेरै स्कूलहरूमा सङ्गीत समावेस गरिएको छ भने नेपाली बोर्डलाई पछ्याउने अधिकांस महङ्गा स्कूलहरूमा सङ्गीत समावेस गरिएको छ । तर नेपालमा अधिकांस सरकारी स्कुलमा यस प्रकारको शिक्षा हुने गरेको छैन । नेपाल सरकारले सङ्गीतलाई ऐच्छिक विषयको रूपमा राष्ट्रका सबै विद्यालयहरूमा सुरुवात गर्ने निर्यण गरेको भएता पनि हालसम्म पूर्ण रूपमा लागू भएको भने देख्न सकिएको छैन (रेग्मी,


Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

२०७७ पृ.३)। नेपाल भरी रहेका सरकारी स्कूलहरूमा तबलावादन सिकाउने कार्यको सुरुवात हुन सकेमा तबलावादकहरू बेरोजगारिको अवस्थाबाट पार पाउनेछन् ।

अर्थ उपार्जनको अर्को माध्यम विदेशमा गरिने साङ्गीतिक कार्यक्रममा गरिने तबलावादन पनि हो। सङ्गीत समूहका साथमा विभिन्न राष्ट्रहरूमा गरिने कार्यक्रमबाट नेपालको पहिचान हुन जान्छ । नेपालमा यस प्रकारका कार्यक्रम गर्ने समूह समूहद्वारा विदेशमा मात्र नभइ राष्ट्रिय रूपमा पनि कार्यक्रमहरूको प्रस्तुती हुने गर्दछ । समुहगत रूपमा सम्यक् प्रकारबाट तबलावादनको प्रस्तुतीकरण गर्नका लागि नियमित अभ्यास हुनुपर्दछ। यसमा समयको लगानी हुने गर्दछ। तर विदेशमा निरन्तर रूपमा कार्यक्रम प्रस्तुत गर्ने समूहहरू कति छन् ? र वर्षमा कतिवटा कार्यक्रम गर्दछन् । प्रत्येक पटकको कार्यक्रमबाट प्राप्त हुने अर्थका बारेमा खुलेर चर्चा नहुने कारणले तबलावादकको आर्थिक अवस्था कस्तो रहेको छ भन्न सकिने अवस्था रहेको छैन ।

भारतीय कलाकारहरूले विश्वका प्रसिद्ध मञ्चहरूमा तबलावादन लगायत अन्य कार्यक्रम गरेको दृश्य सामग्रीहरू सञ्चार माध्यमा हेर्न सकिन्छ। तर नेपाली कलाकारहरूले यस प्रकारका स्थानमा कार्यक्रम प्रस्तुत गरेको दृश्य सामग्रीहरू सहजताका साथमा उपलब्ध नहुने हुनाले कार्यक्रमको बारेमा अनुमान लगाउन पर्ने अवस्था रहेको छ। भारतका राजकीय दरबारहरूमा मनोरञ्जनको साधनका रूपमा रहेको तबलावादनले बीसौं शताब्दीमा आइपुग्दासम्म राष्ट्रिय एवम् अन्तर्राष्ट्रीय स्तरमा गौरवमय कलाको स्थान लिएको पाइन्छ। नेपालमा तबलावादनले राष्ट्रिय कल्पना र गौरवको स्थान लिएको उदाहरण प्राप्त गर्न सकिएको छैन (सुवेदी, २०७४)। राज्यले सहजकर्ताको भूमिका निभाउने हो र अघि बढाउन आवश्यक नीति–नियम, कानुन बनाइदिने हो र राज्यको औपचारिक कार्यक्रमहरूमा तबलालाई स्थान दिने हो भने तबलावादनको विकास अझ अग्र गतिमा अघि बढ्न सक्छ (रेग्मी-२, २०७६ )।

निजि, गैर सरकारी एवम् सरकारी स्तरमा पठनपाठन हुने गरेको तबला विषय सिकाउनका लागि तबलावाद्य अपरिहार्य रहेको हुन्छ । नेपालमा पनि उच्च गुणस्तरको तबलाको निर्माण हुन सकेमा यसबाट पनि अर्थ उपार्जन हुने गर्दछ । भारतको तुलनामा नेपालमा तबलाको निर्माण निकै कम हुने गर्दछ । नेपालका तबला निर्माण कर्ताहरूको तुलनामा भारतका निर्माण कर्तालाई तबलावादनको पनि ज्ञान हुने गरेको छ। नेपालमा तबलाको निर्माण एवम् मर्मत लागि आवश्यक पर्ने सामग्रीहरू पनि भारतबाट आयात हुने गर्दछ (ढकाल-२, २०७९, पृ.९४) । खरिद एवम् मर्मतका लागि उपलब्ध वस्तुहरूको उपयोगबाट अप्रत्यक्ष रूपमा नेपाली धनरासी भारतमा जाने गरेको छ । नेपालमा तबला निर्माणका लागि प्रयोग हुने कच्चापदार्थ लगायत आवश्यक वस्तुहरू उपलब्ध हुन सकेमा उच्च स्तरको प्रतिफल प्राप्त गर्न सकिन्छ। तबला सम्बन्धी कार्यक्रमको समालोचना पनि अर्थ उपार्जनको अर्को मार्ग हुनसक्छ।

नेपालमा हालसम्म यस प्रकारको चलन रहेको छैन। पश्चिमी राष्ट्रहरूमा सङ्गीत समालोचकको कार्य हुने गर्दछ (Watt, 2017) । तबला सम्बन्धी विभिन्न पाठ्य पुस्तकहरूको प्रकाशन पनि अर्थ उपार्जनको अर्को श्रोत हुनसक्छ । भारतमा तबला विषय सम्बन्धी अनेकौं पुस्तकहरूको प्रकाशनबाट लेखकहरूद्वारा अर्थ उपार्जन गरेको देख्न सकिन्छ । यन्त्रयुगको वर्तमान समयमा इन्टरनेटको प्रयोग गरि विभिन्न माध्यममा तबला सम्बन्धी भिडियोहरूको निर्माणद्वारा आय आर्जन गर्नसकिन्छ। विदेशमा यस प्रकारका विभिन्न माध्यमबाट मनग्य आय आर्जन गर्नेहरू प्रसस्त रहेका छन् ।

त्यस लगायत विभिन्न विद्युतीय माध्यम रेडियो, टेलिभिजन आदिमा कला प्रस्तुतिद्वारा पनि आय आर्जन गर्न सकिन्छ। नेपालको परिप्रेक्षमा रेडियो, टेलिभिजन आदिमा शास्त्रीय सङ्गीत अन्तर्गतको कला प्रस्तुतिद्वारा आय आर्जनको निकै कम सम्भावना रहेको प्रष्ट हुन्छ। सातामा ६ दिन शास्त्रीय सङ्गीतको कार्यक्रम प्रसारण गर्ने रेडियो नेपालले घटाउँदै लगेर पूरै कार्यक्रम बन्द गरेको अवस्था रहेको छ (सर्वहारी, २०७७) । कुनैपनि कार्यद्वारा सहज जीवन यापनका साथै मान सम्मान प्राप्त भएमा कार्यप्रति अझ उत्साहका साथै सिक्ने सिकाउने कार्यमा अभिवृद्धि हुनेगर्दछ। भारतीय तबलावादकहरू राष्ट्रीय एवम अन्तराष्ट्रीय स्तरमा अनेकौं विभिन्न प्रकारका पुरस्कारबाट विभूषित भएका छन्। त्यसको तुलनामा नेपाली तबला वादकहरूलाई राष्ट्रीय स्तरमा अत्यन्त न्यून मात्रामा प्राप्त भएको छ भने अन्तर्राष्ट्रिय सम्मान प्राप्त गरेका तबलावादकहरू अध्येताको जानकारीमा रहेका छैनन्। तबला सिक्न इच्छुक व्यक्तिलाई घरमै गएर तबला सिकाएर पनि आय आर्जन गर्न सकिन्छ। नेपालको परिप्रेक्षमा गायन एवम् नृत्य विधाहरूमा त्यस प्रकारको कार्य गरि जीवन यापन गरेका कलाकारहरू रहेका छन् । तबलामा त्यस प्रकारको कार्य नगन्य मात्रामा हुने गरेको छ । विभिन्न पत्र पत्रिकामा छापिने लेखद्वारा पनि आय आर्जन हुनसक्छ। नेपालको परिप्रेक्षमा सङ्गीत सम्बन्धी पत्र पत्रिकाहरू अत्यन्त कम प्रकाशित



Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

ISSN 2795-1774 (Print), 2795-1782 (Online)
**Journal of Fine Arts Campus, 2023, Volume 5, Issue 1**
**Double-Blind Peer Reviewed Research Article**

हुने गर्दछन्, रहेका जर्नलमा छापिने अधिकांस लेख रचनाहरूको पारिश्रमिक उपलब्ध हुँदैन । नेपालको परिप्रेक्षमा सरकारीस्तरबाट तबलावादन अन्तर्गत अनुसन्धान आयाममा कार्य गरेर आर्थिक रूपमा प्रतिफल प्राप्त गर्न नसकिने अवस्था रहेकोछ भन्न सकिन्छ ।

तबलावादन श्रम एवम् बुद्धिको पर्याय हो । केवल स्वाभ्यासद्वारा मात्र सफल तबलावादक हुन सम्भव छैन । विभिन्न विधामा तबला सङ्गतको लागि परिश्रम गर्नुपर्ने हुन्छ । स्वतन्त्र वादन, गायनका विभिन्न विधाहरू ख्याल, ध्रुपद, ठुमरी ,गज़ल, भजन आदिमा तबलावादन एवम् कत्थक नृत्यमा हुने वादनमा भिन्न शैली तथा कलाकारको मनोभाव हुने गर्दछ । त्यसका साथै तन्त्रि वाद्यका साथमा वादन शैलीलाई अलग्गै प्रयोग गरिन्छ । यति धेरै मेहनत गर्दा पनि अन्त्यमा उपलब्ध हुने पारिश्रमिक तबला वादकलाई मुख्य कलाकारकोभन्दा आधा पारिश्रमिक उपलब्ध गराइन्छ (Growing into music, 2012) । तबलावादकले प्राप्तगर्ने पारिश्रमिकका कारणले पनि तबलावादन सिक्न चाहनेहरू यस विषयमा लगानी गर्न हिच्किचाउने प्रमुख कारण मध्ये एक हो । नेपालमा सङ्गीत सम्बन्धि नीतिगत अवधारणाका कारण पनि यस विषयमा प्राप्त हुने प्रतिफल निराशाजनक रहेको छ । अध्येता स्वयम् त्रिभुवन विश्वविद्यालयमा अन्तर्गत ललितकला क्याम्पसमा बि.सं.२०७३ देखि संलग्न भएको हुनाले सङ्गीत विभागसँग सम्बन्धित उदाहरण प्रस्तुत गरेको छ ।

त्रि.वि.वि.अन्तर्गत रहेको ललितकला क्याम्पसमा अधिकांस अध्यापन आंशिक प्राध्यापकहरूद्वारा हुने गरेको छ । विश्वविद्यालको केन्द्रीय विभागमा तबला विषय आंशिकद्वारा मात्र अध्यापन हुनु नीतिगत कमजोरीपन मान्न सकिन्छ । जीवनको उर्जावान समय विश्वविद्याललाई प्रदान गरेका आंशिक प्राध्यापकहरूको पेशागत सुरक्षा नहुनु पनि अर्को समस्या हो । एउटा आंशिक प्राध्यापकले पढाएको विद्यार्थी विश्वविद्यालमा स्थाइ रूपमा कार्य गरेर सेवा नृवृत्त भएको अवस्था सोहि प्राध्यापकले आंशिक रुपमै रहेर स्वागत एवम् विदाई गर्दाको मानसिक अवस्थाको अनुभव अध्येताले गरेको छ । त्यसैगरी त्रि.वि.सेवा आयोगमा एकपटक उपप्राध्यापक तहको आवेदन अन्तर्गत अन्तर्वार्ता सम्मको यात्रा तय गरेको परीक्षार्थी अर्को पटक परिक्षामा सामेल हुन नपाउनु विडम्बना नै मान्नु पर्दछ । त्रिभुवन विश्वविद्यालमा तबला विषय अध्यापन गराउने अधिकांस आंशिक प्राध्यापकहरू *"काम छउन्जेल भाँडो काम सकिएपछि ठाँडो "* भन्ने उखानको पर्याय भएको देख्न सकिन्छ । त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललितकला क्याम्पस र केन्द्रीय विभागमा आंशिक प्राध्यापकले कार्य नगरेमा सम्पूर्ण पठनपाठन सम्भव नहुने देखिन्छ । त्यसका बाबजुद आंशिकरुपमा कार्य गरिरहेका प्राध्यापकहरू र स्थाई रूपमा कार्य गरिरहेका प्राध्यापकहरूको प्रमाणपत्रगत हैसियत समान भएता पनि प्राप्त हुने पारिश्रमिकमा आकास पातालको अन्तर रहेको छ ।

त्रिभुवन विश्विद्यालय अन्तर्गत स्नातक तहमा प्रमुख विषयका रूपमा तबला अध्यापन ललित कला क्याम्पसमा २ जना स्थाइ शिक्षक रहेका छन् । स्नातकोत्तर तहको अध्यापन हुने ललित कला केन्द्रीय विभागमा भने एकजना पनि स्थाई प्रशिक्षक छैनन् । सङ्गीत विषय पठनपाठन हुने पद्म कन्या बहुमुखी क्याम्पस रत्न राज्य क्याम्पसमा १ जना गरि स्थाई प्रशिक्षक छन् । स्नातक तहमा २ जना स्थाई उपप्राध्यापकद्वारा मात्र ४ वर्षे सम्पूर्ण पाठ्यक्रम पठनपाठन सम्भव हुँदैन । राष्ट्रको पहिलो एवम् ठूलो विश्वविद्यालमा दसकौं आफ्नो सेवा प्रदान गरेका तबला लगायत अन्य विषयका प्राध्यापकहरूद्वारा समय समयमा आफ्नो कार्यगत सुरक्षाका निमित्त आन्दोलन गर्दा पनि विश्वविद्यालय स्थाई समाधान तर्फ ढिलासुस्ती गरिरहेको छ । यसका लागि त्रिभुवन विश्वविद्यालयले नीतिगत सुधार गरि स्थाई समाधान खोज्नु अपरिहार्य देखिन्छ । त्रिभुवन विश्वविद्यालमा स्नातक एवम् स्नातकोत्तर तहको मेजर तबला कार्यक्रम सम्पन्न गराउन महत्वपूर्ण भूमिका निभाउने आंशिक प्राध्यापकहरूको अवस्था निराशाजनक रहेको यसबाट पुष्टि हुन्छ । वर्तमान समयमा त्रिभुवन विश्वविद्यालय अन्तर्गत ललित कला केन्द्रीय विभाग एवम् क्याम्पसमा सङ्गीत सम्बन्धी ज्ञान र अनुभव भएका व्यक्तिको चयन भएको हुनाले भविष्यका तबलावादकहरूले माथि उल्लेख गरिएको समस्याबाट पार पाउने आस गरिएको छ ।

**निष्कर्ष**

तबलावादनको सुरुवात १८ औं शताब्दीमा सिद्धार खाँद्वारा भारतको दिल्लीबाट भएको थियो । तबला वर्तमानमा सर्वाधिक प्रसिद्ध ताल वाद्यको रूपमा रहेको छ । शास्त्रीय एवम् आधुनिक शैलीमा उत्कृष्ट रूपमा तबलावादन लागि समय एवम् अर्थको यथेष्ट लगानि हुने गर्दछ । तबलावादनका विभिन्न फायदाहरू आधुनिक विज्ञानद्वारापनि प्रमाणित भएको छ । नेपालमा तबलावादन प्रशिक्षण हुने सरकारी संस्थाहरूमा तबलावादन विषयमा निकै कम व्यक्तिहरू स्थाई



Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

रूपमा नियुक्त भएका छन् । यस तथ्यका आधारमा सरकारी संस्थाहरूबाट प्रमाणपत्र हासिल गर्नका लागि समय एवम् अर्थको लगानी पछी प्राप्त हुने प्रतिफल भने अत्यन्त न्युन रहेको छ भन्न सकिन्छ । सङ्गीत विषयका विभिन्न आयाममा कार्य गर्ने स्थानहरूलाई सरकारी तवरबाट लगानी हुनसके यस विषयमा प्रतिफल उच्च हुनसक्ने देखिन्छ।शास्त्रीय सङ्गीत कार्यक्रममा प्राप्त हुने अर्थले सामान्य रूपमा जीवन यापन नरहेको देख्न सकिन्छ।विश्वमा वर्तमानमा उपलब्ध यन्त्र एवम् विभिन्न प्लेटफर्म मार्फत हुने आर्थिक लाभबाट नेपालका कलाकारहरू वन्चित रहेका छन्।भारतद्वारा संसारका विभिन्न राष्ट्रहरूमा तबलावादन सिकाउनका लागि संस्थाहरूको स्थापना गरेको छ । भारतको तुलनामा नेपालमा सङ्गीत अन्तर्गत तबलावादनको क्षेत्रमा सरकारीस्तरवाट उदारवादी दृष्टिकोणबाट लगानी भएको छैन भन्न सकिन्छ ।

**सन्दर्भसूची**


आचार्य, श्रीराम (२०५६). *सङ्गीतामृत,* दोश्रो संस्करण, काठमाडौं : सङ्गीतामृत प्रकाशन समिति ।

उपाध्याय, होमनाथ (२०५८). *ताल पुष्पाञ्जली,* काठमाडौं ।

ज.ब.राणा, पुरुषोत्तमशमशेर (२०४७) .*श्री ३ हरूको तथ्य वृतान्त,* ललितपुर : काठमाडौं ।

ढकाल-२, वेङ्कटेश (२०७९). नेपालमा तबला वाद्यको निर्माणः एक अध्ययन (९१-१०२), *त्रिभुवन विश्वविद्यालय वार्षिक प्रकाशन,* कीर्तिपुरः त्रिवि, सूचना तथा जनसम्पर्क महाशाखा ।

ढकाल, वेङ्कटेश (सन् २०२२).धार्मिक कार्यक्रम एवं श्रीमद्‌भागवत पुराणमा सङ्गीत : एक अध्ययन। *Journal of Fine Arts Campus, 4*(*1*)*.28-36.* https://doi.org/10.3126/jfac.v4i1.51759.

ढकाल-१, वेङ्कटेश (सन् २०२२). नेपालका सङ्गीत रेकर्डिङ्ग स्टुडियोमा तबलावाद्यको प्रयोग : अवस्था र चुनौती, J*ournal of Fine Arts Campus*, *4*(2), 36–44. https://doi.org/10.3126/jfac.v4i2.54827.

दाहाल, माधवप्रसाद र पौडेल, होमनाथ (२०७७).*इतिहास,* कक्षा १०, सानोठिमी, भक्तपुर : नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

दर्नाल, रामशरण (२०३८). *सङ्गीत परिक्रमा,* पुल्चोक, ललितपुर : साझा प्रकाशन ।

पोखरेल, रमेश (सन्, २०२१). नेपालमा शास्त्रीय सङ्गीतको विकासक्रम, *Journal of Fine Arts Campu, 3*(1), 44-49

मराठे, मनोहर भालचन्द्रराव (सन् १९९१). *ताल वाद्य शास्त्र* (निवन्ध खण्ड), ग्वालियर, भारतः शर्मा पुस्तक सदन ।

रावल, बेनी जङ्गम (२०६३ ). *सन्दर्भ : लोकगीतका,* काठमाडौं, प्रदर्शनीमार्गः भृकुटी एकेडेमिक पब्लिकेशन्स ।

रेग्मी, ध्रुवेशचन्द्र (कार्तिक, २०७७). *'नेपालमा शास्त्रीय सङ्गीत : सोचाई र सन्दर्भ', सङ्गीत दृष्टि,* वर्ष -१ अंक -१ काठमाडौं : नेपाल शास्त्रीय सङ्गीत समाज।

रेग्मी-१, ध्रुवेशचन्द्र (सन् २००७). *'भारतीय गणतन्त्र नेपाली दृष्टिकोण',* विविध भारत,VolumeIX No 1: भारत का राजदूतावास, काठमाडौं ।

रेग्मी-२ ध्रुवेशचन्द्र (३, पौष, २०७६).*'सङ्गीत नसुन्ने सरकार',* Retrieved on 26/05/203 https://saptahik.com.np/music/2019/12/19/20191218155433 .

रेग्मी-३, ध्रुवेशचन्द्र (२९/ भाद्र २०७८). एम.फिल/पि.एच् डी. क्लास, कीर्तिपुर

वशिष्ठ, सत्यनारायण (सन् २००९). *ताल मार्तंड,* हाथरस (उत्तर प्रदेश), भारत : सङ्गीत कार्यालय ।

सर्वहारी, कृष्णराज (२७ भदौ २०७७). *'ओझेलमा शास्त्रीय सङ्गीत'* https://annapurnapost.com/news/166009.

सुवेदी, अभि (२, वैशाख २०७४). *' एक उस्तादको निर्बन्ध यात्रा ',* Retrieved on 26/05/2023 https://annapurnapost.com/story/68980/ .

सङ्गीत शिक्षा पाठ्यक्रम(प्रस्तावित) (२०७८). काठमाडौंः नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, सुमित्रा (२०६६). *नेपालमा तबलाको क्रमिक विकाश,* काठमाडौं ।

Dhakal, W. (2021). नेपालमा सङ्गीत विषयका उच्च शैक्षिक जनशक्तिको वर्तमान अवस्थाः एक परिचय. *Journal of Fine Arts Campu 3,* (1), 56-61.

Dunipace, S. J. (Aug, 2010). *' PLAY ON: TRADITIONAL MUSICAL INSTRUMENTS OF NEPAL '* 24th issue. *ECS Nepal.* Retrieved on 09/Feb/2023. http://ecs.com.np/features/play-on-traditional-musical-instruments-of-nepal.




Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com

OnlineKhabar (27/Apr/2022). *'5 best music schools in Kathmandu that can make you a professional musician'*. Retrieved on 09/Feb/2023 https://english.onlinekhabar.com/best-music-schools-in-kathmandu.html .

Growing into music (2012). *'Talim aur Riyaz (Instruction and Practice): Pundalik Bhagwat and his sons 2009, 2010, and 2011'*. retrieved on 9/23/2022 https://youtu.be/kVlJVP1P2eg. https://iccr.gov.in/indian-cultural-center-map-list-view retrieved on 10/21/2022.

Regmi, D. C.(2015). Nepalese Music Instruments and Mourning Rituals: From Permission to Proscription. *The Journal of University Grants Commission, Vol. 4, No. 1, 2015*.194-199.

Regmi-1, D.C. (2003). *The History of Music in Nepal with Special Reference to Classical Music during the Rana Period (1846-1950A.D.)*. University of Delhi. An unpublished thesis of Ph.D.

Shakoori, S. (9/ Nov/ 2022). *'Classical Tabla Player Lite Tabla Kyou Nahi Bajate'*. [Vedio]. Retrieved on 10/11/2022 https://youtu.be/xdVbQPuKnb0.

TEDx talks (10/Nov/2015). *'Drumming and Your Brain: Magic and Science'*. Cornell Coley. TEDxJamaicaPlain. [Vedio].Retrieved on 05/11/2022 https://youtu.be/OYG2BrrzY54.

Watt, P. (2017). '*Music Criticism in Nineteenth-Century England: How did it become a Profession?'*. Monash University. Melbourne. AUS, DOI: 10.5817/MB2017–1-11, P.117-126.

Adanan, A. (19 Oct.2012). *'Ustad Tari Khan'*.the Friday Times. Retrieved on Dec/04/2022 https://www.academia.edu/4642088/Ustad_Tari_Khan.

Talks at Google (21/Sep/2016). *'Bringing Tabla to the Global Stage. Zakir Hussain'*. [Vedio]. Retrieved on 04/Feb/2023. https://youtu.be/Y4_KbtwVj24.

Parikh, A. (5 /May/ 2023). '*Baithak 45th Session- Pt. Ajoy Chakrabarty. His Multidimensional Musicality*' [Vedio]. Retrevied on 05/ Aug./2023 https://youtu.be/ej3LaHgTJ_M .

Pokharel, R. (2016). *The Dynamics of Educational Tradition of Classical Music In Tribhuvan University. Nepal*. Department of Vocal Music. Banaras Hindu University. (Unpublished Thesis of ph.D), http://hdl.handle.net/10603/268334.



Journal homepage : https://www.nepjol.info/index.php/jfac
Publisher: Fine Arts Campus (Tribhuvan University), Kathmandu, Nepal.
https://lc.tu.edu.np
email: journalfinearts@gmail.com